नेपाल एग्रो
माइक्रोफाइनान्स वित्तीय संस्था लि.
Nepal Agro Microfinance Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालयः**
पोखरा लेखनाथ महानगरपालिका-१८,
विन्ध्यावासिनी, कास्की
फोन : ०६१-४१२४४५, ४१२४४६
इमेल : info@nepalagro.com.np

# विशेष साधारण सभाको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७५/०२/०१)**

श्री आदरणीय शेयरधनी महानुभावहरु,

नेपाल एग्रो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको मिति २०७५/०१/२९ गतेको सञ्चालक समितिको ३० औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको विशेष साधारण सभा देहायका विषयमा छलफल गर्न निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समय**

**मिति :** २०७५/०२/१९ गते शनिवार (तद्अनुसार २ जुन, २०१८)
**स्थान :** सिटिस्क्वेयर प्रा.लि. (भाटभटेनीको अगाडि), न्यूरोड पोखरा, कास्की,
**समय :** दिनको ०१:०० बजे ।

**छलफलका विषयहरु**

विशेष प्रस्तावहरु

(१) यस वित्तीय संस्थाको जारी पूँजी ४ करोड ८० लाख रुपैयाँ र चुक्ता पूँजी ३ करोड ३६ लाख रुपैया पुऱ्याउन २० प्रतिशत हकप्रद शेयर जारी गर्ने,

(२) यस वित्तीय संस्थाको प्रबन्धपत्रको खण्ड ६ (ख) र (ग) लाई देहाय बमोजिम संशोधन गरी पूँजीको संरचनामा हेरफेर गर्ने :

(ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु.४,८०,००,०००।- (चार करोड असी लाख रुपैया) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका ४,८०,००० (चार लाख असी हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) वित्तीय संस्थाको संस्थापकहरुले चुक्ता गर्न कबुल गरेको पूँजी रु.३,३६,००,०००।- (तीन करोड छत्तीस लाख रुपैया) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका ३,३६,०००/- (तीन लाख छत्तीस हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(३) यस वित्तीय संस्थाको प्रबन्धपत्रको खण्ड ६ (ख) र (ग) लाई संशोधन गरी पूँजीको संरचनामा हेरफेर गर्ने क्रममा आवश्यकता अनुसार प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने,

(४) विविध ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**प्रोक्सी मत सम्बन्धी व्यवस्था :**

(१) उपनियम (३) को अधीनमा रही प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ ।

(२) कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेपछि आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ ।

(३) प्रतिनिधि (प्रोक्सी) नियुक्ती गर्दा वित्तीय संस्थाको शेयरधनीलाई नै गर्नुपर्नेछ र निजले उक्त शेयरधनीको तर्फबाट समेत मतदान गर्न पाउनेछ ।

(४) प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने वित्तीय संस्थाको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा बढी हुने छैन ।

# प्रतिनिधि (प्रोक्सी) फारम

नेपाल एग्रो
माइक्रोफाइनान्स वित्तीय संस्था लि.
Nepal Agro Microfinance Bittiya Sanstha Ltd.

श्री सञ्चालक समिति

नेपाल एग्रो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

पोखरा लेखनाथ - १८, विन्ध्यावासिनी, कास्की ।

**<u>विषय : प्रतिनिधि नियुक्त गरेको सम्वन्धमा ।</u>**

महोदय,

........................................ जिल्ला ................................................................ न.पा./गा.वि.स. वडा

नं........ बस्ने म/हामी ......................................................... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०७५ साल जेष्ठ १९ गते शनिवारका दिन हुने विशेष साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट माग लिन तथा मतदान गर्नको लागि .................................. जिल्ला ............................................................

न.पा./गा.वि.स. वडा नं. ............ बस्ने त्यस कम्पनीका शेयरधनी श्री ................................................

शेयरधनी नं. ...................... लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/छौं ।

| प्रतिनिधि नियुक्त भएको व्यक्तिको, | निवेदकको, |
|---|---|
| दस्तखतको नमूना : | दस्तखत : |
| नाम थर : | नाम थर : |
| शेयरधनी भए शेयरधनी प्रमाणपत्र नं. : | ठेगाना : |
| शेयरधनी नभए नागरिकताको प्रमाणपत्र नं. : | शेयरधनी प्रमाणपत्र नं. : |
| मिति : | शेयर सख्या : |

(द्रष्टव्य : यो निवेदन साधारण सभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पेश गरी सक्नुपर्ने छ । एकभन्दा बढि प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारमा रद्द गरिने छ ।)